# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०८०/०३/२४ गते।

**प्रेस विज्ञप्ति**

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

**विषय :- आरोपपत्र दायर गरिएको ।**

---

जिल्ला हुम्ला, चंखेली गाउँपालिका वडा नं.-२ स्थित खानेपानीको ट्याङ्की निर्माणको लागि आ.व. २०७८।०७९ मा मुख्यमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रकम बिनियोजन भई उपभोक्ता समितिलाई कामको जिम्मा दिएकोमा आधा काम बाँकी हुँदै ट्याङ्की निर्माणको काम सकियो भनी फर्जी विल भरपाई पेश गरी सम्पूर्ण रकम निकासा लिई हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **चंखेली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत विष्णु बहादुर शाहीले** आ.व. २०७७/०७८ मा जिल्ला हुम्ला, चंखेली गाउँपालिका वडा नं. २ देवकोटाबाडास्थित खानेपानी ट्याङ्की निर्माण समेतका कार्यमा काम नै नगरी नभए नगरेको कामलाई भए गरेको भनी नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ताको बिलमा चढाई बढी मूल्याङ्कन गरी भुक्तानीको लागि स्वीकृत गरी, फिल्डमा नभए नगरेको कामसमेतको भुक्तानी दिई रु.६,४८,७८६।—हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) ले परिभाषित गरेको कसुर गरेको पुष्टि हुन आएकोले निज **विष्णु बहादुर शाहीलाई** बिगो रु.६,४८,७८६।-(छ लाख अठ्चालीस हजार सात सय छयासी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो बमोजिम जरीवाना गरी बिगो असुल उपर हुन मागदावी लिइएको छ।

**चंखेली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हुम्लाका इन्जिनियर मान बहादुर ऐडी र प्राविधिक सहायक (सवइन्जिनियर) गोभधन बोहोराले** खानेपानी ट्याङ्की निर्माणसमेतका कार्यमा फिल्डमा नभए नगरेको कामलाई भए गरेको भनी नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ताको बिलमा चढाई बढी मूल्याङ्कन एवं स्वीकृतिका लागि पेस गरी रु.६,४८,७८६।—भुक्तानीसमेत लिए दिएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) ले परिभाषित गरेको कसुर गरेको पुष्टि हुन आएकोले निजहरु **मान बहादुर ऐडी र गोभधन बोहोरालाई** बिगो रु.६,४८,७८६।— (छ लाख अठ्चालीस हजार सात सय छयासी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन एवं फिल्डमा नभए नगरेको कामलाई समेत सर्त तथा मापदण्डबमोजिम भएको भनी झुट्टा बिल भरपाई बनाई प्रतिवेदनसमेत तयार गरेको हुँदा निजहरु **मान बहादुर ऐडी र गोभधन बोहोरालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) ले परिभाषित गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको सजायसमेत हुन मागदावी लिइएको छ।

**चंखेली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हुम्लाका लेखापाल नविन रेग्मीले** उक्त खानेपानी निर्माण तथा मर्मत योजनाको भुक्तानी दिंदा गाउँपालिका र उपभोक्ताविच भएको सम्झौता, भुक्तानीका लागि सम्बन्धित उपभोक्ता समितिको निवेदन, वडाको सिफारिस, प्राविधिक मूल्याङ्कन प्रतिवेदन, बिल भरपाई तथा अन्य आवश्यक कागजातहरु प्राप्त भई सकेपछि सम्पूर्ण कागजातहरु चेकजाँच गरी भुक्तानी दिनुपर्नेमा सो नगरी झुट्टा बिल

भरपाईको आधारमा भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) ले परिभाषित गरेको कसुर गरेको पुष्टि हुन आएकोले निज **नविन रेग्मीलाई** बिगो रु.६,४८,७८६।— (छ लाख अठ्चालीस हजार सात सय छयासी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन समेत मागदावी लिइएको छ।

**चंखेली गाउँपालिका वडा नं.०२ का तत्कालीन वडा अध्यक्ष हरिहर उपाध्यायले** सरकारलाई हानिनोक्सानी पुर्‍याउने बद्नियतले नभए नगरेको कामलाई इस्टिमेट अनुसार भए गरेको भनी सिफारिस लिखत तयार गरी नभए नगरेको कामसमेतलाई फिल्डमा भएको कामभन्दा बढी काम भएको भनी सिफारिस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) ले परिभाषित गरेको कसुर गरेको पुष्टि हुन आएकोले निज **हरिहर उपाध्यायलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन मागदावी लिइएको छ।

साथै, **देवकोटावाडा खानेपानी ट्याङ्की निर्माण उपभोक्ता समितिका अध्यक्ष गोपाल विश्वकर्मा, सचिव प्रयोगलाल जैसी र कोषाध्यक्ष नन्दा देवी देवकोटा (धिताल) ले** वास्तविक रुपमा भए गरेको कार्यभन्दा बढी नभए नगरेको कामलाई भए गरेको भनी नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ताको बिलमा चढाउन लगाई बढी मूल्याङ्कन गरी गराई बढी भुक्तानी लिने दिने गरी झुट्टा नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ताको बिलसमेत तयार गराई रु.६,४८,७८६।—बढी भुक्तानी लिई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) ले परिभाषित गरेको कसुर गरेको पुष्टि हुन आएकोले निजहरु **गोपाल विश्वकर्मा, प्रयोगलाल जैसी र नन्दा देवी देवकोटा (धिताल) लाई** बिगो रु.६,४८,७८६।- (छ लाख अठ्चालीस हजार सात सय छयासी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता<br>
देवी प्रसाद थपलिया